# आर्थिक वर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम

## अजिरकोट गाउँपालिकाको कार्यालय
## भच्चेक, गोरखा, गण्डकी प्रदेश, नेपाल
## २०८२

गाउँपालिका उपाध्यक्ष ज्यू ,
गाउँसभा सदस्य सचिव ज्यू ,
गाउँसभा सदस्य ज्यूहरु ,
राष्ट्रसेवक कर्मचारीहरु,
सुरक्षाकर्मीहरु,
पत्रकार मित्रहरु,
नागरिक समाज र आदरणीय अजिरकोटवासी आमा बुबा दिदीबहिनी तथा दाजुभाईहरु ।

अजिरकोट गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित भएर तेस्रो आर्थिक वर्ष पार गरी केही सारपूर्ण अनुभव र अनुभुतिहरुको बीचमा आज चौथो निर्णायक आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफुलाई गौरवान्वित महसुस गरेको छु। यस भावउतेजक घडीमा आदरणीय सम्पूर्ण अजिरकोटवासी आमा, बुबा , दिदिबहिनी तथा दाजुभाईहरुलाई हृदय देखि हार्दिक आभार व्यक्त गर्न पाउँदा फेरिपनि सुखको अनुभुति भएको निवेदन गर्दछु ।

हामी यो सुनौलो अवसरसम्म आइपुग्न जनताका बीचबाट गैरसांगठनिक र सांगठनिक रूपमा १९९४ साल अघि र पछि देखि आजसम्म बिभिन्न संघर्षहरू र त्यसमा पनि बिशेष गरी १० वर्षे जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन, जनजाति आन्दोलन, मधेश आन्दोलन तथा उत्पिडीत वर्ग समुदायहरूको आन्दोलनहरूको परिणामत राजनीतिक परिवर्तन भएको कुरा हामी सबैलाई विधितै छ । यस राजनीतिक परिवर्तनको महायात्रामा आफ्नो अमूल्य जीवन वलिदान गर्ने ती सम्पूर्ण ज्ञातअज्ञात महान सहिदहरूप्रति यस अवसरमा ह्रदयदेखि सम्मान प्रकट गर्दै हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । यतिवेला, जेलनेलको यातना भोग्ने जोधाहाहरू तथा घाइते र बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्दै महान परिवर्तनकारी नेपाली जनताप्रति हार्दिक अभिनन्दन प्रकट गर्दछु ।

हामी फेरि पनि यस घडीमा, हाम्रो स्थानीय सरकारलाई लोकतन्त्रको रक्षा गर्ने आधारस्तम्भको रूपमा ग्रहण गर्दै सामाजिक न्याय सहितको समृद्धि र आर्थिक, सामाजिक एवं साँस्कृतिक रूपान्तरणको पक्षमा सम्पूर्ण रूपमा समर्पित भई क्रियाशील रहीआएका हामी जननिर्वाचित जनप्रतिनिधिहरू शासक र हाकिम नभई जनताको सेवक हौं भन्ने कुरालाई जनताका बीचमा पुनः पुष्टि गर्दै त्यस महान जनसेवामा समर्पित रहने कर्तव्यबाट कहिल्यै बिचलित बिमुख नहुने र जनताको जीवनमा देखिने गरी तात्विक परिवर्तनको गतिलाई अगाडी बढाइरहने संकल्प सगर्व फेरि दोहऱ्यान चाहन्छु ।

विश्व विकासको मानचित्रमा हाम्रो मुलुक निकै पछाडि छ । हाम्रो सामुन्ने अनगिन्ती समस्याहरु छन् दिनहु १५०० देखि २००० युवा- युवतीहरु घरको चुलोमा आगो बाल्न बिदेशी मुलुकमा पसिना चुहाउन बाध्य छन् । गाउँहरु युवा विहिन बन्दैछन । जमिनहरु बाँझिदै गएका छन् । मुलुक परनिर्भरमा अल्झिदै गरिएको छ। युवाहरुमा आशाका किरणहरु निभ्दै गएका छन् । यसले ल्याउने परिणाम कहालीगादो छ। साराशंमा भन्दा मुलुक उज्यालो बाटो अध्यारोतर्फ धकेलिदै छ अब के गर्ने ? यो नै हामी र हाम्रो अजिरकोटको साझा यक्ष प्रश्न हो ।

जीवन छ, समस्याहरु छन् तर तिनीहरुको समाधान गर्ने खूवी नै आजको अजिरकोट स्थानीय सरकारको अवसर हो । प्रत्येक समस्याले उत्तिकै अवसरहरु पनि साथसाथै लिई आएका हुन्छन् । आजका तमाम अजिरकोटका

समस्या र चुनौती लाई अवसरमा बदल्ने, समस्या भित्र समाधान खोज्ने यो अजिरकोट गाउँपालिका सरकारको कर्तव्य हो । आर्थिक सामाजिक रुपान्तरण आजको समयको माग हो । त्यसैले अनुकरणीय अजिरकोट हाम्रो सपना र त्यहाँ पुग्ने सोपान निमार्ण गरौं अगामी  बर्षलाई अजिरकोटको रुपान्तरणको विशेष पर्वको रुपमा मनाऔं ।

अहिलेको स्थानीय सरकार कार्यकारी, न्यायिक र विद्यायिकी अधिकार सहितको शक्तिशाली सरकार हो । आफ्नो योजना आफै बनाउने, स्रोत जुटाउने र योजना कार्यान्वयन गर्ने अमूल्य अवसर प्राप्त छ भन्ने आफूले गरेका कामको जस, अपजस झेल्ने अनि सार्वजनिक तथा कानून जवाफदेहिता वहन गर्ने दायित्व पनि स्थानीय सरकारमै आएको छ । अव बन्ने योजना र कार्यक्रमहरु फेरिपनि कर्मकाण्डी नभई आर्थिक तथा सामाजिक रुपान्तरणको बाहक हुनु पर्दछ । संविद्यानले दिएको अवसरको अजिरकोट गाउँपालिका सरकारले गहिरोसँग ह्रिदयगमन गरी कार्यान्वयनमा जोडदिनु आजको आवश्कता हो ।

**गाउँसभाका सदस्यज्यूहरू,**

अहिलेको बिज्ञान प्रविधि र सञ्चार जगतको अभूतपूर्व विकास संगसंगै समाज विकासको तीव्रता र असमानता बीच निकै ठूलो अन्तर देखा परेको हामी सबैमा विधितै छ । स्वाधीन समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणको आवश्यकता र संविधानमा नै उल्लेख भएको समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार निर्माणले समाजको वास्तविक भिन्नता अन्त्य गर्न सकिने कुरा हामी सबैले बुझ्न जरुरी र आवश्यक छ । गणतन्त्र, समावेशीता, धर्मनिरपेक्षता, संघीयता, सकारात्मक विभेद सहितको समानुपातिक प्रतिनिधित्व सहितको नेपाली मोडलको मौलिक समाजवाद उन्मुख व्यवस्था प्रतिको हाम्रो यात्रा लक्षित भएता पनि यस पालिकाको समग्र अवस्था बदल्नका लागि व्यवस्थामा नै वस्तुवादी एवं जनमुखी नीति, कार्यक्रम र कानून निर्माण गरेर रूपान्तरणकारी नेतृत्व गर्न जरुरी भएकोले हामीले सोही अनुरूप तिन आर्थिक बर्ष पार गरेका छौं र यसलाई अंझ तिव्रतामा लैजाने प्रयत्नका लागी सबैलाई सङ्कल्प गर्न र अविराम अगाडी बढ्न आग्रह दोहोर्याउन चाहन्छु । गणतन्त्र, समावेशीता, धर्मनिरपेक्षता, संघीयता, समावेशी समानुपातिक प्रतिनिधित्वका लगि नेपाली जनताको त्याग, तपस्या, वलिदानबाट प्राप्त उपलव्धिहरूको स्थानीय स्तरमा रक्षा गर्न सचेत र सावधान रहदै परिवर्तकारी शक्तिहरू एकजुट भई जस्तोसुकै चुनौतीको पनि सामना गर्न तयार रहन पनि म अपिल गर्न चाहन्छु ।

साहस, सौर्य र वलिदानीपूर्ण तमाम् पटक पटकका (१० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन, जनजाति आन्दोलन, मधेश आन्दोलन तथा उत्पिडीत वर्ग समुदायहरूको आन्दोलनहरू) संघर्षहरूबाट नेपालको व्यवस्था बदल्न हामीहरूले सफलता प्राप्त गरेका हौं तर नेपाली जनताको अवस्था बदल्न भने अनेक कठिनाइहरूबाट जेलिएर जहाँको तेहीं रहिरहेको अवस्था आज पनि विद्यमान छ । धनी र गरीब, गाउँ र शहर, हुने र नहुने बीचको खाडल झन झन बडोत्तरीमा अग्लिदै गइरहेको अवस्थाबाट अब हामीले विकास निर्माणका सघन कार्यक्रमहरूको सफल कार्यान्वयन गरी यो खाडललाई कम गर्दै लग्न कोशिस गर्नै पर्दछ।

हामीले ठुलो रगत र पसिनाबाट प्राप्त गरेको स्थानीय सरकार प्रति जनताको यदाकदा गुनासो छ। सेवाग्राही मैत्री भएन, सुशासन भएन, जनाताको जीवनको बदल्ने अभियान भएन आदी। यसवाट हामीले गम्बिर शिक्षा लिनुपर्दछ र सम्पुर्ण तागत जनतामैत्री भएर विकासकेन्द्रित जनताको सखदुखमा एकाग्र हुनुको अर्को विकल्प किमार्थ हामीलाई छुट छैन। कुनै पनि बहानाबाजीको आडमा सेवा प्रवाहबाट विमुख हुने प्रवृत्तिलाई अन्त्य गर्दै,

विनम्रता र उत्तरदायित्वपूर्ण व्यवहारका साथ जनताको सेवा गर्नु नै हाम्रो कर्तव्य हो। यसरीनै स्थानीय सरकारको सच्चाईलाई सुदृढ गर्न सकिन्छ। म यो सभा मार्फत पुन आफू सचिने संकल्प दोहोराउन चाहान्छु। स्थानीय सरकारले गरेका सकारात्मक पहल कदमी, सुधार र परिवर्तनलाई आत्मसात नगरी आलोचना मात्र गर्ने चेतनाबाट पनि मुक्त हुन सबैमा अपिल गर्दछु। "अजिरकोट हाम्रो हो, यसको समृद्धिमा हाम्रो जीवन छ" भन्ने भावनाकासाथ पुनः म सबै जनप्रतिनिधि, कर्मचारी, स्थानीय समुदाय र सरोकारवालालाई अजिरकोट रूपान्तरणको साझा अभियानमा एकजुट हुन आग्रह गर्दछु। गाउँपालिका बोझ होईन समधान हो भन्ने सच्चाई आत्मसात हुनेगरि काम गर्न सबैमा अपिल गर्दछु।

नेपालको राजनीतिक परिवर्तन पछि पनि अजिरकोटका दुरदराजका अधिकांश भेगमा वसोवास गर्ने जनताको जीवनस्तर दुखदायी र कष्टकर नै रहिआएको छ । अजिरकोटमा विद्यमान बेरोजगारी समस्या, पूर्वाधार अभाव, सार्वजनिक शिक्षाको गुणस्तरमा ह्रास, बढ्दो बसाइसराई, निर्वाहमुखी कृषि प्रणाली, कम उत्पादकत्व र बाँझा जमिनहरू, प्रशासनिक अराजकता र भ्रष्टाचार, स्वास्थ्य सेवामा सिमितता, जलवायु संकट र युवाशक्तिको पलायन लगायतका समस्याहरूलाई कम गर्दै, घटाउँदै, पन्छाउँदै नेपालको संविधानले प्रदत्त गरेका मौलिक हक अधिकारलाई कागजमा मात्र पाठ्य सामग्रीका रूपमा सिमित रहने परम्परालाई भत्काउँदै जीवन व्यवहारमा सार्थक रूपान्तरण सम्भव तुल्याउन नवीन पहलकदमी सहित समग्र अजिरकोटको विकास गर्न यो नीति र कार्यक्रम गत बर्षका सान्दर्भिक तथा उपयुक्त बिषयहरूलाई निरन्तरता दिदै यहाँहरूका बीचमा प्रस्तुत गरेको छु। सबै खाले सिमान्तकृत वर्ग र समुदायको उत्थानका साथै समाजमा विद्यमान विभेदहरूको अन्त्य गर्दै नेपालको संविधानले व्यवस्था गरे अनुरूप स्थानीय तहको अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न संघीय संरचना अनुसार साधन स्रोत र कार्यकारी अधिकारलाई अजिरकोटवासी  जनताको जीवनमा आमूल रूपान्तरण गराइ समृद्धि र खुसी ल्याउन प्रयोग गर्ने संकल्प सहित “दिगो विकास हाम्रो सोच, सुन्दर शान्त समृद्ध अजिरकोट” को लक्ष्य हाँसिल गर्न “हाम्रो अजिरकोट राम्रो अजिरकोट” भन्ने नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै प्रस्तुत गरेको छु।

## १. आर्थिक विकास

विकास निर्माणमा स्थानीय सिप र प्रविधिको प्रयोग गर्दै लगानी एवं प्राप्त उपलब्धीहरूलाई समन्यायिक वितरण मार्फत दिगो विकास, रोजगारी सिर्जना, उद्यमशिलता प्रवर्धन गर्दै समृद्ध अजिरकोट निर्माणको लागि दिगो आर्थिक वृद्धि एवं नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास हाँसिल गर्न सार्वजनिक, निजी र सहकारीको साझेदारीको नीति अवलम्बन गर्ने नीतिलाई यस आर्थिक बर्षमा पनि निरन्तरता दिइने छ। सम्प्रभूता ग्राम स्थापना गरी कार्यान्वयन गर्न सार्वजनिक, निजी र साझेदारीमा उत्पादन, संकलन, बितरण (बजार व्यबस्थापन तथा आयात र निर्यात) मा आवश्यक व्यबस्थापन मिलाइ आर्थिक स्तरोन्नतिमा जोड गरिने छ।

### क) कृषि तथा पशुपँक्षी विकास

१. “हाम्रो जात, हाम्रो गौरव, रैथाने उत्पादनको संरक्षण र प्रवर्द्धनको लागि स्थानीय तथा रैथाने बाली तथा पशुपंक्षी जातलाई विशेष प्राथमिकता दिइनेछ।

२. कृषि उपज संकलन केन्द्र स्थापना र बजारीकरणको विस्तार गरि स्थानीय उत्पादनको संकलन र बजार पहुँचलाई सशक्त बनाउन संकलन केन्द्र सञ्चालन तथा कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ र गाउँपालिका

स्तरमै कृषि तथा पशुपालन बजार (हाटबजार) स्थापना तथा विभिन्न किसिमको मेला महोत्सवहरुमा कृषि तथा पशु उत्पादनको प्रदर्शनी गर्ने नीति अबलम्बन गरिनेछ।

३. वडाहरूको उत्पादन क्षमता र भौगोलिक विशेषताअनुसार विशेष बालीको कार्यक्रमलाई प्राथमिकता दिइनेछ साथै भू-मैत्री बाली (जस्तैः आलु, फापर, कोदो, दलहन, तरकारी) को प्रवर्द्धन गरिने छ।

४. खेतीयोग्य जमिनलाई बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै, बाँझो जमिनको अभिलेख तयार गरिनेछ। 'बाँझो जमिन उपयोग कार्यक्रम तथा 'भूमि बैंक" स्थापना गरी लागत साझेदारीमा गरा सुधार तथा उत्पादनमुखी कृषि कार्यक्रम सञ्चालन गरिनेछ। साथै, बाँझो जमिन सम्बन्धी कर प्रणालीलाई प्रभावकारी बनाइँदै करको दायरा विस्तार गरिनेछ।

५. उच्च मूल्यका नगदे बालीको प्रवर्द्धन गर्न कफी, स्याउ, अलैंची, अदुवा,  चिया, किवी, एभोकाडो जस्ता नगदे बालीको जोनिङ गर्दै उत्पादनमा जोड दिईनेछ।

६. माटो परीक्षण तथा सुधारको लागि प्रयोगशाला र चुनको व्यवस्था गरिनेछ।

७. उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तरगत व्यावसायिक कृषकलाई अनुदानको वर्गिकरण गरि पारदर्शी तरिकाले अनुदान वितरण गरि अनुगमन प्राणालीलाई प्रभावकारी वनाईछ।

८. "फर्म प्रवर्द्धन कार्यक्रम मार्फत" व्यवसायिक कृषि तथा पशुपालन फर्महरूको दर्ता, सशक्तीकरण तथा सहायता गरिनेछ।

९. "स्वस्थ माटो, स्वस्थ बाली" अभियान सहित प्राङ्गारिक प्रणालीलाई प्रवर्द्धन गर्न कृषकलाई आवश्यक प्रविधि र तालिम दिई प्राङ्गारिक खेती प्रवर्द्धन गरिनेछ।

११. "एक घर, एक प्रशिक्षित कृषक" अभियान सहित कृषि तालिम, आधुनिक प्रविधिमा पहुँच विस्तार, अवलोकन भ्रमण तथा युवा कृषक अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

१२. कृषि यान्त्रिकीकरण र प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१३. साना सिँचाइ योजना (पाइपलाइन, प्लाष्टिक पोखरी ,ट्यांकी) मार्फत बाली सिँचाइ सुविधा विस्तार गरिने छ।

१४. व्यवसायिक पशुपालन प्रवर्द्धन गर्न आवश्यक गोठ तथा खोर सुधार, उन्नत नश्ल (जस्तै बोयर जातका ब्याड बोका) को प्रवर्धन, तथा यान्त्रीकरणमा ५०% लागत साझेदारी/अनुदानमार्फत सहयोग पुऱ्याइनेछ। उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर र दिगो पशुपालन प्रणालीको विकास गरिनेछ।

१५. गाई, भैसी तथा बाख्रामा कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरी पशुपंक्षी नश्ल सुधार गरिनेछ। दुग्ध व्यवसाय प्रवर्द्धनका लागि गाईभैसी सुत्केरी प्रोत्साहन कार्यक्रम कार्यान्वयन गरिनेछ। साथै, निजी, समूह तथा सहकारीमार्फत सञ्चालित पशुपंक्षी तथा मत्स्य फार्महरूलाई फार्म स्थापना तथा स्तरोन्नतिका लागि लागत साझेदारीको आधारमा सहयोग प्रदान गरिनेछ।

१६.पशुपंक्षी स्वास्थ्य सुरक्षाका लागि रोग निदान, उपचार, प्रयोगशाला सेवा, स्वास्थ्य शिविर सञ्चालन तथा महामारीजन्य रोगहरूको रोकथामका लागि खोप कार्यक्रम विस्तार गरिनेछ। साथै, रेविज जस्ता जुनोटिक रोग नियन्त्रण गर्न सामुदायिक कुकुरको बन्ध्याकरण तथा खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७. व्यवसायिक पशुपालनलाई प्रभावकारी बनाउँदै पशुपंक्षी पालक कृषकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम तथा सीपमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, अनुदानमा आधारित पशुपालन तथा कृषि

कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न अनुगमन प्रणालीलाई व्यवस्थित तथा संस्थागत बनाइनेछ। परम्परागत पेशा व्यवसायलाई बदली रोजगार र संमृद्धि हासील गर्ने ठोस कृषि/पशु व्यवसायिक नीति लिई गुणात्मक परिवर्तनमा जोड गरिनेछ।

१८. कृषकहरूको लगानी सुरक्षित गर्न कृषि तथा पशु बीमा कार्यक्रम र सहुलियतपूर्ण कर्जा पहुँच सुनिश्चित गरिनेछ।

१९. कृषकहरूको कृषि तथा पशुपालन सम्बन्धी समस्याको तत्काल समाधान गर्न "किसान कल सेन्टर" र "Quick Response Team" स्थापना गरिनेछ। प्रविधिमैत्री सेवा, प्राविधिक परामर्श र आपतकालीन सहयोग प्रणालीमार्फत किसानलाई सशक्तिकरण गरिनेछ।

२०. आलु, खुर्सानी, बेसार, अदुवा, हरियो तरकारी लगायत स्थानीय कृषि उपजमा आत्मनिर्भरताको नीति अवलम्बन गरिनेछ। किसानको उत्पादनको मूल्य निर्धारण, भण्डारण, प्याकिङ र बजार व्यवस्थापनको सुनिश्चितता गर्दै आयात-आधारित नीतिलाई कडाइका साथ निरुत्साहित गरिनेछ। स्थानीय उत्पादनलाई प्याकिङ गरी ठूला बजारमा निर्यात गर्ने प्रणाली विकास गरिनेछ।

२१. गाउँपालिका भित्र फलफूल र घाँसको स्रोत केन्द्र स्थापनाको लागि हाईटेक नर्सरी सञ्चालन गरिनेछ। साथै, खर्क र घुम्ती गोठ व्यवस्थापनमा आधारित पशुपालन प्रणालीलाई थप प्रभावकारी बनाउन प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**ख) उधोग रोजगार तथा व्यवसाय**

१. "घर उद्योग" नामाङ्कन दिइ कोदोको रक्सी उत्पादन र स्तर निर्धारण गरी ब्राण्डिङ गर्दै क्रमस अजिरकोट क्षेत्रभित्र कोदोको रक्सी उमेर समुह अनुसार प्रयोगमा प्राथमिकता दिने नीति लिइनेछ। बाह्य अल्कोहलिक पदार्थबारे छुट्टै नीति बनाइ व्यबस्थित गरिने छ। खुर्पानीबाट जुस तथा वाइन उद्योग संचालनको सम्भाव्यता अध्ययन गरिनेछ। परम्परागत गुणस्तर मापनका निर्देशिका तयार गरी लागु गरिने छ ।

२. आर्थिक रूपमा विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला, योनिक तथा लैंगिक अल्पसंख्यक, आदिवासी/जनजाती तथा सिमान्तकृत वर्गका लागि विशेष अनुदान र सहुलियत मार्फत कृषिमा थप लगानी बृद्धिका अवसरहरू पहिलाउदै रोजगारी सिर्जना र आर्थिक सम्पन्नतातर्फ प्रेरित गरिने छ।यस्ता लाभग्राहीको कृषिमा आधारित उद्यमशिलता प्रवर्धन गर्न आवश्यकतालाई प्राथमिकतामा राखी संघ, प्रदेश र सम्बन्धित निकायमा समन्वय र सिफारिस गरिने छ ।

३."पालिकाको उत्पादन पालिकामै" भन्ने नारा सहित पालिकाभित्र हुने कार्यक्रमहरुमा प्रयोग हुने खादा, माला, सल, गलबन्दी, दोसल्ला,कपडाको झोला, हस्तकला आदि स्थानीय उत्पादनको मात्रै प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

४. वनजङ्गलमा उत्पादन भइ खेर गइरहेका वनजन्य फलफुल जस्तो पानीअमला, काफल, एसेलु, चुत्रो आदिलाई उद्योगसंग जोड्ने प्रयत्न प्रारम्भ गरिने छ। लालीगुँरासको फूलको उपयोग बारे पनि खोज र व्यवस्था गर्न प्रयास थालिने छ। स्थानीय उत्पादन मस्यौरा, गुन्द्रुक एवं. प्राकृतिक उत्पादन न्युरो ,टुसाको संकलन, वर्गिकरण पश्चात गाउँपालिकको तर्फवाट लोवलिङ, प्याकेजिङको व्यवस्थापन गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा निर्यात गरिनेछ। यसमा वातावरणको स्खलन रोक्ने कुरामा सजगता अपनाइने छ।

५. जडीबुटी खेती, संकलन, प्रशोधन र बजार व्यबस्थानका लागी आवस्यक नीति नियम तर्जुमा गरी कार्य प्रारम्भ गरिने छ। गैरवन पैदावारमा आधारित नेपाली कागज उद्योग, दुना टपरी उद्योगको लागि आवश्यक व्यवस्था गरिने छ। वन पैदावार तथा उत्पादनहरु सदुपयोग गरी आर्थिक समुन्नति हाँसिल गर्न आवश्यक कानून तर्जुमा गरी कार्यान्वयनमा जोड दिदै जाने योजना ल्याइनेछ।

६. हिमालबाट बगेको शुद्ध खानेपानी बोटलिङ गरी राष्ट्रिय एवं अन्तराष्ट्रिय बजारमा निर्यात गर्न अवश्यक नीति तर्जुमा र अख्तियार गरी संरचना निर्माणको सम्भाव्यता अध्ययन गरी आवश्यक श्रोत जुटाउने नीतिलाई पुन निरन्तरता दिईनेछ।

७. धनी र गरीब, गाउँ र शहर बीचको दुरी कम गर्न रणनैतिक नीति अवलम्बन गरिने छ । शहर बजारमा बसाइसराई भइगएका अजिरकोटवासीहरूलाई गाउँ फर्कन प्रेरित गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुका साथै फर्कनेहरूलाई बिभिन्न सेवा सुविधाहरू किटान गरी सहुलियत प्रदान गर्ने कुराको प्रचारप्रसार गरी कार्यान्वयनमा लगिने छ ।

८. सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गको लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ ।

९. डोको, नाम्लो, डालो, नाङ्लो , मान्द्रो, भकारी, राडी, बख्खु जस्ता स्थानीय कच्चा सामग्रीहरूको प्रयोगबाट उत्पादन हुने स्थानीय वस्तुहरूको उत्पादन, प्रवद्र्धन र बजारीकरणका कार्यक्रमहरू सञ्चालन गरिने छ । यी सिपमूलक पेशामा लाग्ने उद्यमीहरूलाई प्रत्येक वडाबाट बिबरण संकलन गरी पुरस्कृत गर्ने योजना बनाइ लागु गरिनेछ,

१०. केही बैंक तथा वित्तीय संथाहरूको कर्जा प्रवाहमा भएको चर्को व्याज एवं प्रकृयाका कारण उठीवास हुने कहालाँग्दो अवस्थालाई अन्त्य गर्न सहुलियतपूर्ण कर्जा प्रवाहको नीतिका लागि बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय तथा सकहार्य गरिने छ । मिटर व्याजी, चोके वा अन्य कुनै पनि सामन्ती समस्याको अवशेषलाई निषेध गर्ने नीति लिइने छ।

११. बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गरी रोजगार सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ बनाइनेछ। गाउँपालिका भित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान गरी 'स्थानीय रोजगार रणनीति' तयार गरिनेछ, जसबाट रोजगारीसम्बन्धी सूचना प्रवाह तथा पहुँचलाई सरल बनाइनेछ। विकास निर्माणका कार्यहरूमा रोजगार सेवा केन्द्रमा सूचीकृत व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ।

१३. राष्ट्रिय रोजगार कार्यक्रमसँग साझेदारीमा स्थानीयस्तरमा सिप विकास तालिम, रोजगारीमूलक कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गरिनेछ। जनताको सीप, योग्यता र क्षमता अनुसार योजनाहरुलाई प्रत्यक्ष विकास निर्माणसँग जोडेर स्थायी रोजगारीको वातावरण तयार गरिनेछ।

१४. वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको श्रम स्वीकृति, पुनः स्वीकृति र सूचिकीकरणलाई सहज र व्यवस्थित बनाइनेछ। फर्किएका व्यक्तिहरूलाई वित्तीय साक्षरता, मनोसामाजिक परामर्श र सीप परीक्षणमार्फत उद्यमशीलता प्रवर्द्धनमा जोड दिइनेछ। वैदेशिक रोजगार सम्बन्धी सम्पूर्ण सहायता तथा कल्याणकारी सेवा रोजगार सेवा केन्द्रमार्फत सहजीकरण गरिनेछ।

## ग) पर्यटन विकास

१. पदयात्रा, साइकल मार्ग, हेर्न लायकका अग्ला पहाड, भीर, नदीनाला,मठमन्दिर, गुम्बा, रैथाने साँस्कृतिक बस्ती, होमस्टे, होटलव्यवसाय र तिनको भौगोलिक अवस्था, पहुँच मार्ग,अवधि आदि सबैको संक्षिप्त विवरण र तस्वीर, भिडियो समेत उल्लेख गरि वृतचित्र प्रकाशन गरिनेछ । यिनै विषयहरुमा पूर्ण जानकार राख्ने केही पथप्रदर्शक जनशक्तिलाई उचित तालिम तथा सेवासुविधा सुरक्षा सहितको व्यवस्थापन गरिनेछ ।

२. पर्यटन प्रवर्धनका लागि संघ सरकार, प्रदेश सरकार र सम्वद्ध निकायहरूसँगको समन्वय, सहकार्य र सहलगानीलाई प्राथमिकता दिइनेछ।अजिरकोटलाई पर्यटकीय गन्तब्यको रूपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइने छ भने गत बर्ष पर्यटकको संख्या लक्ष्य निर्धारणमा भएको प्रगतिको समिक्षा गरी आवस्यक सुधार गरिने छ। सिरानडाँडालाई जिल्लाको पर्यटन पिकनिङ स्थलको रुपमा बिकास गरिनेछ ।

३. संस्कृति, पुरातत्व र पर्यटनलाई एकीकृत रूपमा प्रवद्र्धन गर्ने धार्मिक, पर्यटकीय र पुरातात्विक महत्वका स्थलहरूको पहिचान र पूर्वाधार विकासका लागी अध्ययन अनुसन्धान र स्थापनामा जोड दिइने छ ।

४. नागेपोखरी—दुधपोखरी—नारदपोखरी पदमार्ग निर्माण कार्यलाई आवश्यक थप स्रोतको खोजी गर्दै निरन्तरता दिइनेछ। बुद्ध हिमाल, हिमालचुली ग्रेट लेक सर्किट र अजिरकोट-सिरानडाँडा-नागे-तपी-नार्कु-दुधपोखरी क्षेत्रलाई समेट्ने पदयात्रा र घोडायात्रालाई व्यवस्थित गर्न ठोस नीति निर्माण गरिनेछ। निजी तथा साझेदारीमा आधारित पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी संरचनागत विकास, प्रचार—प्रसार तथा स्थानीय सहभागितामार्फत पर्यटक आगमनको संख्यामा उल्लेखनीय वृद्धि ल्याउने नीति अवलम्बन गरिनेछ।

६. वलाङ र खिम्पुमा रहेको टाउट माछा पालन व्यवसायलाई पर्यटन प्रवर्धन संग विकास गर्दै देउरालीमा पनि ट्राउट माछाको प्रवर्द्धन कार्यक्रम थप गरिनेछ ।

७. भच्चेक फुटट्रेल, थानी पार्क हुदै अजिरकोट मन्दिरको पर्यटन प्रर्वद्धन गर्न बिशेष कार्यक्रमको योजना लिइनेछ ।

८. भच्चेक देखि दुधपोखरी र तपि सिरानखोला सम्म पर्यटन साईनेजको ब्यवस्थापन गरिनेछ ।

९. भच्चेक -सिरानडाँडा- घ्याच्चोक- बारपाक जोड्ने पर्यटन पदमार्ग लाई निरन्तरता दिईनेछ।

१०. हात्तीसुढैं गुफा , चामे छहरा, भिरमौरी पर्यटनको संरक्षण, बिकास र प्रवर्धनमा आवश्यक योजना निर्माण गरिनेछ।

११. "गाउँमै घुमौं, गाउँमै रमाऔं ‘अजिरकोटमा नयाँ अनुभूति!" अभियान सहित मौलिक उत्पादन, परम्परागत रहनसहन, खानपान र संस्कृतिलाई पर्यटक आकर्षणको केन्द्रबिन्दु बनाईनेछ।

१२. “एक वडा, एक नमुना होमस्टे” कार्यक्रम प्रवर्द्धन गरि होमस्टेको महत्वपुर्ण गन्तब्य अजिरकोट बनाई व्यवसायिकरणमा जोड दिईनेछ।साथै माथिल्ला खर्क तथा गोठ रेहेको क्षेत्रहरुमा गोठस्टे कार्यलाई प्रभावकारी ढङ्गले अगाडि बढाउने कार्यक्रम ल्याईने छ।

१३. चिया खेतीको सम्भाव्यता परीक्षण गरी दीर्घकालीन व्यवसायिक विस्तारको आधार तयार गरिनेछ। अजिरकोटमा रहेको युवाशक्ति तथा स्थानीय स्रोतको उपयोग गर्दै कृषि, पशुपालन, पर्यटन र उद्योग व्यवसायमा लगानीमैत्री वातावरण निर्माण गरिनेछ।

१४. सिरानडाँडा, नागे, तापी, नार्कु लगायत पर्यटकीय क्षेत्रहरूलाई रोजगारी केन्द्रित कार्यहरु सञ्चालन गर्न निजी क्षेत्रलाई भाँडामा दिने नीति अपनाइनेछ, जसबाट निजी क्षेत्रको सहभागिता र स्थानीय रोजगारीमा उल्लेखनीय वृद्धि गरिनेछ।

### घ) सहकारी बिकास

१. मानवीय स्रोतको पूर्ण परिचालन सहकारीको माध्यमबाट संभव छ त्यसैले एक घर एक सदस्य एक सहकारी एक उत्पादनको नीतिलाई अगाडि बढाउने नमुना कार्य गर्ने सहकारी संस्थालाई प्रोत्साहन तथा पुरुस्कृत गरिने छ ।एक सहकारी एक उत्पादनको नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

२. संचालनमा नआएका सहकारीलाई खारेजी, सानालाई एकीकरण र अन्य ठुलाको क्षमता विकासको नीति लिइने छ। सहकारी संस्थाहरुको क्षमता बढाउन पालिका स्तरीय सहकारी संस्था दर्ता गरी सञ्चालन एवम् व्यवस्थापनमा आवश्यक सहयोग गर्ने नीति बनाइनेछ।

३. सहकारीबाट ठगिएको जनताको पुँजिको संरक्षण गर्न सहकारी अनुगमनमा प्रभावकारीता ल्याइने छ। खराब कर्जा भएका सहकारी, संचालक र ऋणिलाई कारवाहिको नीति लिईनेछ।

## २. सामाजिक विकास

### क) शिक्षा

१. सामुदायिक विद्यालय सुधारको लागि सामुदायिक विद्यालय क्षेत्र सुधार कार्यक्रम (Community School Sector Reform Program) बनाई विद्यालयको एकीकरण, शिक्षक दरबन्दीको बैज्ञानिक समायोजन, योग्यता र ज्येष्ठताको आधारमा प्र.अ. को व्यवस्था, जस्ता शैक्षिक क्षेत्र सुधार गर्ने नीति निरन्तर अख्तियार गर्दै लगिने छ । आवश्यक नीति तथा कानून निर्माण गरी विद्यालय अनुगमन निरिक्षण थप प्रभावकारी बनाइने छ । मासिक रुपमा १ विद्यालयमा विद्यालयसँग गाउँपालिका कार्यक्रम निरन्तर संचालन गरिनेछ ।

२. केन्द्रमा रहेका भच्चेक मा.विलाई मेघा आवासिय गाउँपालिका स्तरिय नमूना विद्यालयको रुपमा क्रमश स्तरोननती गर्ने कार्यलाई निरन्तरता दिदै एक वडा एक आवासीय विद्यालयको नीति अवलम्बन गरिनेछ ।सबै विद्यालयहरूलाई नमूना विद्यालयको रूपमा रूपान्तरण गर्ने नीति अवलम्बन गरिने छ। गाउँपालिका भित्रका विद्यार्थीको उच्च शिक्षाको पहुँच सुनिश्चित गर्न स्नातक तहसम्म अध्ययन गर्ने क्याम्पस स्थापनाको पहललाई निरन्तरता दिइने छ ।

३. अभिभावक उत्प्रेरणा कार्यक्रम, वालमैत्री कक्षा व्यवस्थापन, विद्यालयको स्वमूल्याङ्कन कार्यक्रम, सुचना प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन, मासिक विद्यालय नर्स कार्यक्रम, विद्यालय शिक्षक तथा कर्मचारी छनौट, परीक्षा व्यवस्थापन लगायतका शैक्षिक सुधारका गतिविधिहरु संचालन तथा गाउँपालिकावाटनै सम्पुर्ण परिक्षाको व्यवस्थापन बारे आवश्यक नीति लिइनेछ।

४. विद्यालयमा तथा आसपासका क्षेत्रमा वृक्षारोपण अभियान अन्तर्गत एक विद्यार्थी एक विरुवा कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ । विद्याथीलाई सैद्धन्तिक, व्यवहारिक एवं. क्षेत्रगत ज्ञान दिलाउन सक्ने गरी १ विद्यालयमा एक विद्यालय एक नर्सरी र करेसाबारी कार्यक्रमको स्थापानको सुरुवात मार्फत मौरीपालन लगाएत स्थानीय अलैची, स्याउ, किवी लगायतका खेतीको व्यवहारिक ज्ञान विद्यालयमै प्रदान गरिनेछ। प्रत्यक विद्यालयमा फोहोरलाई मोहोरमा बदल्न फोहोरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रम संचालन गरिनेछ।

५. सार्वजनिक र सरकारी पदमा रहेका सबै नागरिकहरूका छोराछोरीलाई सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गरि अध्ययन अध्यापन गराउने नीति अवलम्बन गर्दै प्रोत्साहन उपलब्ध गराइनेछ ।

६. गाउँपालिका स्तरीय खेलकुद शिक्षकको व्यवस्थापन गरी खेलकुद सञ्चालनका कार्यक्रम सञ्चालन गरिने छ।

७. गाउँपालिकामा नयाँ नियुक्ति भएका शिक्षक कर्मचारीहरुलाई २ वर्ष सम्म गाउँपालिका बाहिर सरुवा जान सहमती प्रदान गरिने छैन ।

८. प्रत्येक विद्यालयमा योग शिक्षा मार्फत स्वास्थ्य जीवनयापन गर्ने कार्यहरु सञ्चालन गरिनेछ ।

९. विपन्न दलित अभिभावक बिहिन विद्यार्थीको पोशाक, खाजा, शैक्षिक सामाग्री, स्वास्थ्य सम्बन्धी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१०. विद्यालयमा हुनेले दिने– लिने कार्यक्रम गरी विद्यालयका थप विद्यार्थीको भरणपोषण सहित शैक्षिक सुधारमा खर्च गरीनेछ ।

११. एस.ई.ई परीक्षालाई व्यवस्थित र स्तरीय बनाई गुणात्मक परिणाम दिने आवश्यक प्रबन्ध गरिनेछ ।

१२. प्रत्येक विद्यालयमा सृजनशील शुक्रबार कार्यक्रम लागु गरी विद्यार्थीहरुको समग्र चेतना क्षमता अभिवृद्धि गर्ने रचनात्मक कार्यको शुरुवात गरिनेछ ।

१३.२५ वटै विद्यालयमा लागू भएको साझेदार संस्थाहरुसंगको सहकार्यमा १-३ भाषा कक्षा सिकाईलाई थप स्तरिकरण गरिनेछ।

१४. सामुदायिक विद्यालयहरूको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र र छात्रा तर्फका विद्यालयलाई अजिरकोट उत्कृष्ट शिक्षा पुरस्कार दिइने छ ।

१५. उच्च शिक्षामा विद्यार्थीलाई प्रोत्सहान गर्न अजिरकोट गाउँपालिकाभित्रका सामुदायिक विद्यालयबाट एस.इ.ई. परीक्षामा सर्वोत्कृष्ट हुने विद्यार्थीलाई नेपाल भित्र पठनपाठन हुने नेपाली विश्वविद्यालयबाट सम्बन्धन प्राप्त एस.इ.ई., प्लस टु र स्नातक तहको कुनै पनि कार्यक्रममा अध्ययनका लागि कूल शैक्षिक शुल्कको एक तिहाई रकम छात्रावृत्ति स्वरूप प्रदान गरिनेछ साथै जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृतिको व्यवस्था गरिनेछ ।

१६. स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई निरन्तरता दिँदै पठन पाठनको कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ। विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालयमा भर्ना गर्न विद्यालयहरूलाई प्रोत्साहन गरिने छ। विद्यालय छाड्ने दरलाई क्रमश शून्यमा झारिने छ, सो कार्यका लागी विद्यालयका सम्पूर्ण शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाइनेछ ।

१७. विपन्न र पछाडि परेका वर्ग, लिङ्ग र समुदायका बालबालिकाहरूलाई शिक्षामा पहुँच विस्तार गर्न झिकाउ, टिकाउ र विकाउ नीति अवलम्बन गर्दै दिवाखाजा, पोशाक लगायत विशेष प्रोत्साहन कार्यक्रमहरूलाई निरन्तरता दिइने छ। बालिका शिक्षालाई प्रोत्साहित गर्न महिलामैत्री शौचालय, स्यानेटरी प्याडको उपलव्धताको सुनिश्चितता गरिने छ।

१८. कक्षा ५ र ८ को परीक्षालाई गाउँपालिका स्तरीय बनाईने छ।

१९. सामुदायिक बिधालय प्रति बिधार्थी र अभिभावकको बिकर्षण हुने प्रबृतिलाई निरुत्साहित गर्दै सामुदायिक बिद्यालयलाई सरोकारवालाको बिश्वास योग्य बनाउन, कक्षा कोठा केन्द्रित सिकाई उपलव्धी प्राप्त गर्न आवश्यक नीति, योजना र अनुगमनलाई प्रभावकारी बनाईनेछ।

२०. बिधालय प्रशासन र विविध कामका लागि गाँउपालिका धाउने कामलाई निरुत्साहित गर्दै प्रविधि मैत्री प्रबिधि लाई मात्र आत्मसात गर्दै जाने नीति लागु गरिनेछ।

२१. स्थानीय र आयातित दुबै प्रकृतिका शैक्षिक सामग्रीको निर्माण, प्रयोग र विस्तारलाई प्रभावकारी बनाइनेछ। बर्तमान समाज र समयको मागअनुसार शैक्षिक वातावरणको पुनःसंरचना गरिनेछ, जसले शिक्षण सिकाइलाई जीवनोपयोगी बनाउनेछ।

२२. शिक्षकहरूको क्षमता विकासका लागि समय सान्दर्भिक तालिमको व्यवस्था गरिनेछ। साथै, विश्वविद्यालय तथा संघ/संस्थासंग सहकार्य गरी स्थानीय शैक्षिक समस्याहरूको पहिचान तथा समाधानका लागि कार्यमूलक अनुसन्धानहरू गरिनेछ।

२३. परिणाममा आधारित विद्यालय अनुदान प्रणाली लागू गरिनेछ। अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी उनीहरूको शिक्षामा पहुँच सुनिश्चित गरि, समावेशी र मानवअधिकारमैत्री शिक्षालाई प्रवर्द्धन गरिनेछ। विद्यालय आवास नीति प्रभावकारी बनाईनेछ।

२४. विद्यालयमा विद्यार्थीको स्वास्थ्य सुरक्षालाई सुनिश्चित गर्न प्रत्येक विद्यालयमा स्वास्थ्यका लागि फोकल पर्सन तोकिनेछ। ती फोकल पर्सनलाई प्राथमिक उपचार सम्बन्धी आवश्यक तालिम प्रदान गरिनेछ, जसबाट सामान्य स्वास्थ्य समस्या समाधान, आकस्मिक अवस्थाको प्राथमिक व्यवस्थापन तथा स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गरिनेछ।

२५. अन्तरविद्यालय शिक्षक विद्यार्थी असल अभ्यास, अनुभव आदान- प्रदान कार्यक्रम सञ्चालन गरिनेछ। सिकाइलाई प्रभावकारी बनाउन हस्तलेखनजस्ता सिर्जनात्मक अभ्यासलाई निरन्तरता दिइनेछ।

२६. शैक्षिक चुनौतीहरूको समाधानका लागि शैक्षिक चुनौति कोषलाई सशक्त बनाइनेछ। सम्पूर्ण विद्यालयहरूमा सूचना प्रविधि (ICT), विज्ञान प्रयोगशाला तथा अन्य आधुनिक शिक्षण विधि र प्रविधिको पहुँच सुनिश्चित गरिनेछ। साथै, गाउँपालिकाको शिक्षा विकास योजना पूर्ण रूपमा कार्यान्वयन गरिनेछ।

**ख) स्वास्थ्य**

१. महामारी रोकथाम, नियन्त्रण र उपचारको भरपर्दो व्यवस्था सुनिश्चत गर्न सबै अजिरकोटबासीहरूको स्वास्थ्य सम्बन्धी अधिकारलाई संरक्षण र प्रबर्धन प्रति गाउँपालिका प्रतिबद्ध रहँदै स्वास्थ्य सुरक्षाको लागि आवश्यक औषधी उपकरण उपलब्धताको लागि संघ र प्रदेश सरकारसँग समन्वय मार्फत परिपूर्तिमा जोड दिइनेछ ।

२. बर्थिङ्ग सेन्टरलाई स्तरीकरण गर्दै गर्भवती आमालाई निः शुल्क अल्ट्रासाउण्ड तथा गर्भ परीक्षण गरिनेछ ।

३. पूर्ण खोप सुनिश्चितताका साथै दिगोपना कायम गरिनेछ ।

४. स्वास्थ्य केन्द्रहरुको सेवा प्रवाहमा सुधार र स्तरीकरण गरिनेछ ।

५. मानसिक स्वास्थ्य तथा मनोविमर्श सेवालाई विस्तार तथा सृदृढिकरण गरिनेछ ।

६. भच्चेक आधारभूत अस्पतालमा एम.डि.जि.पि. सेवा, दन्त सेवाका लागि बि.डि.एस., फिजियोथेरापी सेवा, ल्यावको स्तरोन्नति, पोष्टमार्टम सेवाको प्रवन्ध, OT सेवाको सुरुवात, अस्पताल भित्र क्यान्टिनको व्यवस्था, बालबालिकामैत्री गार्डेन र कर्मचारी आवासको व्यवस्था गरिनेछ।

७. भच्चेक आधारभूत अस्पतालमा भर्ना भएका प्रस्तुति महिला, भर्ना भएका विरामी तथा स्याहारकर्ताहरु लाई खाना खाजाको व्यवस्था गर्न आमा विरामी भान्छाघरको व्यवस्था गरिने छ ।

८. भच्चेक अस्पताल परिसरमा योग तथा प्राकृतिक उपचारमा आधारित 'आरोग्य केन्द्र' स्थापना गरिनेछ। नियमित योग शिविर सञ्चालनका लागि विशेष नीति अवलम्बन गरिनेछ,।साथै, आयुर्वेदिक सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्दै यसको विस्तारका लागि आवश्यक संरचना र जनशक्ति व्यवस्थापन गरिनेछ।

९. खोप, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयंसेविका एवं स्वास्थ्यकर्मीहरूलाई योग्य र सक्षम बनाई परिचालन गरिनेछ।

१०. आगामी दुई वर्षभित्र सम्पूर्ण नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गरिनेछ। भच्चेक आधारभूत अस्पतालमार्फत बीमा सेवालाई थप प्रभावकारी र पहुँचयोग्य बनाइनेछ। साथै, आर्थिक रूपले कमजोर तथा विपन्न वर्गका नागरिकहरूको स्वास्थ्य सुरक्षालाई सुनिश्चित गर्न गाउँपालिकावाट निशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ।

११. सुनौलो हजार दिनका आमालाई पोषणको अभाव हुन नदिन पोषण सामग्री सहितको माइतीको पोसिलो कोशेली कार्यक्रमलाई थप विशेषता एवं प्रभावकारिताका साथ निरन्तरता दिइने छ । पाठेघरको क्यान्सर, स्तन क्यान्सर र आङ खस्ने समस्याको लागि स्वास्थ्य परिक्षणको सेवा उपलब्ध गराउन अर्धवार्षिक रूपमा शिविर सञ्चालन गरिनेछ।

१२. आगामी दुई आर्थिक वर्षभित्र सुरक्षित मातृत्व, नियमित खोप, प्रजनन स्वास्थ्य तथा मातृ-शिशु सुरक्षासम्बन्धी राष्ट्रिय लक्ष्यहरू प्राप्त गर्न आवश्यक कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१३. किशोर-किशोरीहरूलाई भावी राष्ट्र निर्माणको आधार मानेर विद्यालय स्वास्थ्य शिक्षा, स्वस्थ जीवनशैली, पोषण, महिनावारी सरसफाइ, यौन र प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। किशोरमैत्री स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ।

१४. पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरू र सहिद परिवारका सदस्यहरूलाई भच्चेक अस्पतालसम्म निःशुल्क एम्बुलेन्स सेवा निरन्तर उपलब्ध गराइनेछ। साथै, नसर्ने रोग, अपाङ्गता, ज्येष्ठ नागरिक तथा विपन्न वर्गका लागि घुम्ती शिविरमार्फत निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरिनेछ।

१५. स्वास्थ्य सेवा प्रणालीलाई थप प्रभावकारी बनाउन E-HMIS प्रणालीलाई व्यवस्थित र आधुनिक बनाइनेछ।

१७. एच.आई.भी., कुष्ठरोगजस्ता दीर्घकालीन उपचार आवश्यक रोगहरूमा सहानुभूतिपूर्ण सहयोग प्रदान गर्दै सामाजिक विभेदविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१८. प्रत्येक नागरिकको बाँच्न पाउने मौलिक अधिकारलाई सुनिश्चित गर्न आवश्यक स्थानीय नीतिहरू अवलम्बन गरिनेछ। सुरक्षित गर्भावस्था, सुरक्षित प्रसूति, नवजात शिशु स्याहार, पोषण, स्वास्थ्य पहुँच र जनचेतना अभिवृद्धिमार्फत बाँच्न पाउने अधिकारको व्यवहारिक कार्यान्वयन सुनिश्चित गरिनेछ।

**ग) खानेपानी तथा सरसफाई**

१. गाउँपालिकाभरिका सम्पूर्ण खानेपानी स्रोतहरूको संरक्षण, पुनःभरण र नियमित पानी गुणस्तर परीक्षण (Water Quality Test) प्रणाली कार्यान्वयन गरिनेछ। वातावरणीय दृष्टिकोणबाट दिगो जल स्रोत व्यवस्थापन गरी सबै नागरिकलाई पिउन योग्य पानीको पहुँच सुनिश्चित गरिनेछ।

२. सबै बाटो, वस्तीहरु, खोलानालाहरु, पार्क तथा खुल्ला स्थानहरुको सरसफाई गरी हरियाली बनाइनेछ ।

३. अजिरकोट बृहत खानेपानी योजना लाई प्रभावकारी गुणस्तरीय योजनाको रुपमा अगाडि बढाउन गाँउपालिकाले आवश्यक पहलकदमी लिईनेछ ।

**घ) महिला,बालिका, जेष्ठ नागरिक तथा दलित समुदाय, अपाङ्गता भएका ब्यक्ति तथा समाज कल्याण**

१. महिलाहरूलाई स्थानीय रोजगारी, उद्यमशीलता तथा आत्मनिर्भरता हासिल गर्न आवश्यक सीप विकास तालिम प्रदान गरिनेछ। तालिम प्राप्त महिलाको औपचारिक प्रमाणिकरणका लागि CTEVT सँग समन्वय गरिनेछ र तिनलाई उपकरण तथा बीउ पुँजी सहयोग प्रदान गरिनेछ।

२. "विकासमा महिला, सम्वृद्धिमा पहिला" भन्ने नाराका साथ विकास निर्माण कार्यहरूमा महिलाको सहभागिता र नेतृत्व वृद्धि गरिनेछ। वडा-स्तरीय उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरूमा कम्तीमा एक तिहाइ योजना महिला नेतृत्वमा सञ्चालन गरिनेछ।

३. महिलाविरुद्धका कुरिती, भेदभाव र हिंसाको अन्त्यका लागि सामाजिक जागरण, सशक्तिकरण तथा महिला शिक्षामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट, कार्यक्रम र समावेशिकरण परीक्षण प्रणालीलाई निरन्तरता दिइनेछ।

४. गाउँपालिकाका सबै वडालाई बालमैत्री वडा घोषणा गर्दै बालमैत्री शासनको पूर्ण पालना गरिनेछ। बाल हिंसा, दुर्व्यवहार र बालश्रम विरुद्ध सचेतना अभियान सञ्चालन गरिनेछ र बालमैत्री निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ।

५. बाल सञ्जाल तथा बाल क्लबहरूको क्षमता विकास गरी उनीहरूलाई अतिरिक्त क्रियाकलापमा सक्रिय सहभागिता गराइनेछ। "बाल प्रतिभा उत्सव" को रूपमा विभिन्न प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरी बालबालिकाको प्रतिभा, आत्मविश्वास र सामाजिक सहभागिता अभिवृद्धि गरिनेछ।

६.अजिरकोट गाउँपालिका भित्रका स्नाकोत्तर, एम.फिल. र पि.एच.डि. गर्दै गरेका महिला अनुसन्धान कर्ताहरुलाई यस गाउँपालिका भित्रका विषयहरुमा अनुसन्धान गर्नको लागि प्रोत्साहन गरिनेछ ।

७. अनुभवको ज्ञाताका रूपमा रहेका ज्येष्ठ नागरिकहरूको मनोबल उच्च राख्न "ज्येष्ठ नागरिक सम्मान कार्यक्रम" र "ज्येष्ठ नागरिक मिलन केन्द्र" स्थापना तथा विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ। वृद्धावस्थामा आवश्यक सामाजिक सहारा र सम्मानजनक जीवन सुनिश्चित गरिनेछ।

८. अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सहायक उपकरण (जस्तैः व्हीलचेयर, कृत्रिम अंग, श्रवण यन्त्र) उपलब्ध गराइनेछ। उनीहरूका लागि एक वडा एक अपाङ्गमैत्री सेवा केन्द्र स्थापना, साना व्यवसाय सञ्चालनको लागि सीप विकास तालिम, अनुदान, सहुलियत ऋण तथा "दया होइन, अधिकार" भन्ने सन्देशसहित जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९. दलित समुदायमा हुने हिंसा तथा सामाजिक विकृतिहरू न्यूनीकरण गर्न नमूना दलित बस्ती निर्माण र मदिरा दुरुपयोग नियन्त्रण अभियानलाई निरन्तरता दिइनेछ। "बिहानी कक्षा" तथा अभिभावक सचेतना कार्यक्रममार्फत दलित बालबालिकाको शिक्षामा गुणात्मक सुधार गरिनेछ।

१०. दलित वर्गको आर्थिक स्वावलम्बन र सामाजिक सम्मानमा वृद्धि गर्न दलित युवाहरूलाई लक्षित गरी परम्परागत पेशाको आधुनिकीकरण, सीप विकास तालिम, औपचारिक प्रमाणिकरणका माध्यमबाट "एक दलित, एक व्यवसाय" अभियान सशक्त ढंगले कार्यान्वयन गरिनेछ।

११. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दलित समुदायका हक, अधिकार तथा अवसरलाई स्थानीय शासनका सबै तहमा मुख्य प्रवाहमा ल्याइनेछ। सामाजिक सुरक्षाभाव, समान पहुँच र न्यायोचित सेवा वितरणमा विशेष प्राथमिकता दिइनेछ।

१२. अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष प्राथमिकता दिने सिफारिस लगायतका सेवा सुविधाहरु निःशूल्क उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

१३. सहिद र बेपत्ता परिवार लक्षित राहत एवं पुनस्थापनाका कार्यक्रमहरू सञ्चालनमा निरन्तरता गरिने छ। अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा र आर्थिक समृद्धिका कार्यक्रमहरू संचालनमा ल्याइनेछ। ज्येष्ठ नागरिकको हकहित तथा अधिकार संरक्षणका विशेष कार्यक्रमहरु संचालन गरिनेछ।गाउँपालिकास्तरको वृद्धा आश्रम निर्माण वारे आवश्यक नीति लिइनेछ।

१४. सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै गाउँपालिका स्तरमा सामाजिक कल्याण कोष स्थापना गरिनेछ। उक्त कोषमार्फत आवश्यकता अनुसार विपन्न, अपाङ्गता, एकल महिला, ज्येष्ठ नागरिक, दुःखी तथा संकटमा परेका व्यक्तिहरूलाई सहायतामूलक सेवा तथा आर्थिक सहयोग प्रदान गरिनेछ।

**ङ) सामाजिक,साँस्कृतिक भाषा, साहित्य, कला तथा सम्पदा**

१. स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका कला, साहित्य तथा सांस्कृतिक सम्मेलन, मातृभाषा सिकाइ गोष्ठी, रैथाने मेला तथा विविध सांस्कृतिक गतिविधिहरू सञ्चालन गरिनेछ। स्थानीय भेषभूषा, रीतिरिवाज र मौलिक संस्कृतिको पहिचान झल्काउने संग्रहालय निर्माण गरिनेछ। सबै धर्म, जात र भाषाको सम्मान गर्दै चाडपर्वको प्रवर्द्धन गरिनेछ।

२. शहिद तथा जनआन्दोलनका योगदानलाई सम्झना गर्न शहिद पार्क, स्तम्भ तथा स्मृति स्थलहरू निर्माण गरिनेछ। जनयुद्ध लगायत ऐतिहासिक विरासतको संरक्षण र प्रचार प्रसार गरी नयाँ पुस्तामा राष्ट्रिय चेतना र गौरव अभिवृद्धि गरिनेछ।

३. भिक्टोरी क्रस प्राप्त भक्तमान गुरुङको सम्मान गर्न आवश्यक योजना बनाईनेछ।

**च) युवा, खेलकुद तथा नवप्रवर्धन**

१. गाउँपालिकाभित्रका युवा जनशक्तिहरूलाई खेलकुद प्रति आकर्षण गराउन विभिन्न खेलकुदका कार्यक्रमहरू सञ्चालन गरिने छ र सोका लागी युवाक्लबहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम बनाइ लागु गरिने छ । उत्कृष्ट खेलाडी तथा खेल टिमलाई खेलकूदमार्फत गाउँपालिकाको पहिचान बनाउन जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा छनौट हुन प्रोत्साहन गरिनेछ । गाउँपालिका स्तरिय खेलकुद प्रतिष्ठान स्थापना गरिनेछ ।

२. युवा, महिला कर्मचारी, शिक्षक, शिक्षिका तथा जनप्रतिनिधिलाई खेलमा सहभागी गराई स्वस्थ्य, मनोरञ्जन र खेलमैत्री गाउँपालिकको नीति अबलम्बन गरिनेछ। अजिरकोटलाई खेल पर्यटनको हवको रुपमा विकास गरिनेछ।

३. बढ्दो आत्महत्या, मानसिक रोग, डिप्रशन तथा पारिवारिक विखण्डनका घटना न्यूनिकरणका लागि मनोसामाजिक परामर्श सेवालाई व्यवस्थित गर्न मनोसामाजिक तथा मानसिक स्वस्थ्य नीति तर्जुमा गरी लागू

गरिनेछ । वालविवाह, लागुपदार्थ दुव्र्यसनी, साइबर सुरक्षा चुनौति तथा हिंसा मुक्त स्थानीय तह बनाउन विभिन्न कार्यक्रम संचालन गरिनेछ।

४. एक वडा एक वडा स्तरीय खेल मैदानका साथै गाउँपालिका स्तरीय उच्च प्रविधि सहितको खेलमैदानको निर्माण कार्यलाई निरन्तर अगाडि बढाइने छ।

५. कम्प्युटर, ड्राइभिङ, प्लम्बिङ, मोबाइल रिपेयरिङ, इलेक्ट्रिसियन लगायतका सीपमुलक प्रशिक्षणहरूबाट अजिरकोटवासी लाभग्राहीले मान्यताप्राप्त प्रमाणपत्र समेत प्राप्त गरी व्यवसाय संचालन मार्फत आर्थिक वृद्धि हाँसिल गर्ने वातावरण सिर्जना गर्न नेपाल सरकार र सि.टि.ई.भि.टी. बाट मान्यता प्राप्त स्थानीय शैक्षिक संस्था एवं संघ संस्थालाई प्राथमिकता दिइने छ। युवाहरूलाई उद्यमी बनाई स्वरोजगारको सिर्जना गर्न आवश्यक कार्यक्रमहरूको अनुसूची नै तयार गरी लागु गरिने छ । यो बर्ष कम्तिमा १०० जना युवालाई सिपमुलक तालिम उपलब्ध गराउने तथा १०० जना युवालाई प्रत्यक्ष लाभ हुने गरि रोजगारी सिर्जना गर्ने कार्यक्रम तय गरिनेछ।

## ३) पूर्वाधार विकास

१. यातायात , कृषि, खानेपानी, सिंचाई लगायतका विषयगत क्षेत्रका गुरुयोजना तयार गरी सम्बन्धित कार्यक्रमहरू संचालन गरिनेछ। गाउँपालिका स्तरिय वृहत सिंचाई आयोजनाको कार्यान्वयनमा लागि डि.पि.आर. गरि संघ र प्रदेश सरकार संग प्रस्ताव गरिनेछ।

२. वस्ती⁄ वडा⁄ गाउँपालिका स्तरबाट पहिचान एवं प्राथमिकिकरण भएका आयोजना तथा प्रथम पञ्चवर्षीय योजनाबाट औंल्याइएका आयोजनाहरू समावेश गरी गाउँपालिका स्तरीय आयोजना बैंक स्थापना मार्फत क्रमशः कार्यान्वयनमा ल्याइने छ। आयोजना बैंकमा समावेश भएका गाउँपालिका स्तरका गौरवका आयोजनाहरूको विस्तृत अध्ययन प्रतिवेदन तयार गरी संघ र प्रदेश सरकारसँग समपूरक, विशेष र सर्शत अनुदानका लागि प्रस्ताव पेश गरिने छ।विकास साझेदारी योजनालाई प्राथामिकत दिइने व्यवस्था मिलाइने छ।

३. भौतिक संरचनामा दिगो सुरक्षा र राजश्व संकलनलाई समेत टेवा पुग्ने गरी भवन संहिता तथा मापदण्ड तयार गरी घरनक्सापास लाई व्यवस्थित गरिने छ ।घर र भवनको अभिलेखिकरणको कार्यलाई थप तिब्रता दिने नीति लिईनेछ।

४. गाउँपालिका क्षेत्रका सानातिना सडकहरू मर्मत सम्भार तथा स्तरोन्नतिका लागि मर्मत-सम्भार कोष मार्फत् सडक मर्मत सम्भार र स्तरोन्नती गर्ने कार्यलाई उपभोक्ता साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ । असार देखि असोज महिना सम्म सडक संरक्षण गर्न सडक संरक्षकको व्यवस्थान गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

५. संघ समपुरक अनुदान मार्फत भञ्ज्याङ-केप्रुङ सडक निर्माण कार्य, प्रदेश समपुरक अनुदानमार्फत भच्चेक-धदिङगरा सडकको स्तरउन्नती तथा भच्चेक बजारको अस्पताल रोडलाई गाउँपालिकको लगानीमा कालोपत्रे गरिनेछ।

६. स्थानीय स्रोतसाधन, सीपको प्रयोगबाट सञ्चालन हुने आयोजना, स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने योजनालाई प्राथमिकता दिइने छ । दीगो विकासको लक्ष्य प्राप्तिका लागि जनसहभागितामा आधारित आयोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । विद्यालय, सामुदायिक

भवन तथा सरकारी भवनहरू निर्माण गर्दा संरचनाहरू अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिने छ।

७. अजिरकोट गाउँपालिकाद्धारा विनियोजित बजेट सदुपयोग गर्दै साना आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरि स्थानीय रोजगारी सृजनालाई प्राथमिकता दिइनेछ । फाल्गुन मसान्त भित्रै पूर्वाधार आयोजना सम्झौता गरिसक्नपर्ने र बैशाख मसान्तभित्र भुक्तानी लिइसक्नुपर्ने नीतिलाई निरन्तरता गरिनेछ र बेरुजु भएका योजना तथा समितिलाई थप बजेटको व्यवस्था नगर्ने नीति लिईनेछ।

८. टोल विकास संस्था तथा उपभोक्ता समिति मार्फत् निर्माण सम्पन्न भएका आयोजनाहरू नियमानुसार सम्बन्धित टोल विकास संस्था वा उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ । हस्तान्तरित योजनाको सम्पूर्ण मर्मत सम्भारका लागि उपभोक्ता समितिलाई नै जिम्मेवार बनाइने छ । १५ लाख सम्म बजेट विनियोजन भएका आयोजनाहरू मात्र टोल विकास संस्था वा उपभोक्ता समिति मार्फत् सञ्चालन गरिनेछ । उपभोक्ताहरूको दक्षता नभएको आयोजनाहरूलाई दक्ष निर्माण व्यवसायी छनौटको लागि ठेक्का आव्हान गरी सञ्चालन गरिनेछ ।

९. संघीय र प्रदेश सरकारद्वारा यस गाउँपालिका क्षेत्रमा विनियोजित भएका आयोजनाहरू कार्यान्वयनमा आयोजना सर्वेको चरणदेखि नै गाउँपालिकासँग समन्वय गर्न अनुरोध गरिनेछ । कार्यान्वयन गर्ने निकायले गाउँपालिकालाई कार्य सुरु हुन पूर्व लागतईस्टिमेट र आयोजनाको कार्यसम्पन्न पश्चात् कार्यसम्पन्न प्रतिवेदन नवुझाएमा गाउँपालिकाले आयोजनाको अपनत्व लिन बाध्य हुनेछैन ।

१०. आयोजनाहरुको आयोजना बैकं र डि.पि.आर. निर्माण गरी क्रमशः कार्यान्वयन गरिनेछ ।

११. विकास भनेको रड र सिमेन्ट मात्र हो भन्ने मान्यतालाई निरुत्साहित गर्दै स्थानीय स्रोत साधन र कला संस्कृतिको जगेर्ना गर्दै विकास गर्ने नीतिलाई अगाडि बढाइने छ ।

१२. गाउँपालिकाको प्रशासनीक भवन तथा वडा नं. ५ को वडा कार्यालय भवन निर्माण कार्यलाई प्राथमिकताका राखिने छ।

१३. एक घर एक धारा, प्रत्येक घर विजुली पहुँच, प्रत्येक खेत सिंचाई सुविधा तथा वडास्तरिय प्रत्येक मुल बाटो बाह्रैमासे संचालन गर्नसकिने गरी नाला सहितको ग्राभेल नीति अवलम्बन गरी ३ वर्षभित्र कार्य सम्पन्न गरिनेछ ।

१४. अजिरकोट गाउँपालिकामा सम्पूर्ण घरमा यसै आर्थिक वर्ष भित्र केन्द्रीय विद्युत प्रसारण लाइन पुऱ्याउने नीति लिइनेछ । विपन्न, दलित लगायत घरमा मिटर जडान गर्न नसक्नेको हकमा पालिकाबाटनै आवश्यक बजेटको व्यवस्था मिलाउने प्रवन्ध गरिने छ ।

१५. भच्चेक बसपार्क निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।

१६. संघ र प्रदेश सरकारको साझेदारिमा सञ्चालन हुने चनौटे-मुच्चोक- भच्चेक सडकलाई प्रभावकारि रुपमा अगाडी बढाउन आवश्यक पहल गरिनेछ ।

१७. स्थानीय आवश्यकता, वातावरणीय सन्तुलन र दिगोपनालाई मध्यनजर गर्दै हरियाली प्रवर्द्धन, सडक छेउ वृक्षारोपण, फोहोरमैला व्यवस्थापन तथा निर्माण सामग्रीको उचित व्यवस्थापन सहितको पूर्वाधार निर्माणमा जोड दिइनेछ। वातावरणमैत्री, उत्थानशील र दीर्घकालीन उपयोगमा उपयुक्त पूर्वाधार विकास गरिनेछ।

१८. सडक तथा यातायात पूर्वाधारको स्तरोन्नति, नियमित मर्मतसम्भार, यातायात गुरुयोजनाको पूर्ण पालना, र एकीकृत विपद् व्यवस्थापन प्रणालीमार्फत पूर्वाधारको दिगो उपयोग सुनिश्चित गरिनेछ। पूर्वाधार निर्माण तथा सञ्चालनमा जोखिम न्यूनीकरणलाई प्राथमिकता दिईने छ।

२१. भवन संरचनामा दिगोपन, भूकम्पीय मापदण्ड, अपाङ्गमैत्री, बालमैत्री, लैंगिकमैत्री तथा वातावरणमैत्री दृष्टिकोण अपनाई सुरक्षित तथा समावेशी बस्ती विकास गरिनेछ।

२२. यसै आर्थिक वर्षभित्र, अजिरकोट गाउँपालिका भित्र बसोवास गर्ने सुकुम्बासी, दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूलाई स्थायी जग्गा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न आवश्यक नीति तथा कार्यक्रमहरू प्रभावकारी रूपमा अगाडि बढाइनेछ।

२३. गाउँपालिकामा भूमि शाखा स्थापना गरी, भु- सम्बन्धी अभिलेख व्यवस्थापन लगायतका सम्पूर्ण कार्यहरूलाई प्रभावकारी, पारदर्शी र सहज रूपमा सञ्चालन गरिनेछ।

## ४) वन, वातावरण तथा विपद् व्यवस्थापन

१. गाउँपालिका भित्र रहेको जमिनको भू-उपयोग वस्तुस्थिति सहित तयार भएको जग्गाको वर्गिकरणबाट प्राप्त निष्कर्ष एवं. सुझावको कार्यान्वयनमा आएका समस्यालाई समाधान गर्दै लगिनेछ ।संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी सार्वजनिक जग्गा संरक्षण र उपयोग सम्बन्धी ठोस नीति लिइनेछ। जग्गा बर्गिकरणका आधारमा मालपोत करलाई व्यवस्थित गरिनेछ।

२. जलवायु संकट तथा विपद् जन्य घटनाबाट अजिरकोटवासीको सुरक्षाका लागि जलवायु उत्थानशीलता र विपद् व्यवस्थापनका एकीकृत कार्यक्रमहरू संचालन गरिनेछ। प्रकृतिप्रेमी विकास र वातावरण संरक्षणमा जोड दिँदै दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यहरू प्रभावकारी रूपमा अघि बढाइनेछन्।

३. गाउँपालिका तथा वडास्तरमा विपद् उद्धार तथा राहत टोली गठन गरी आवश्यक उद्धार सामाग्रीको व्यवस्था मिलाइनेछ, जसले आपतकालीन अवस्थामा छिटो र प्रभावकारी उद्धार सेवा सुनिश्चित गर्नेछ।

४. अजिरकोट गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रलाई वातावरणमैत्री, हरियाली र सुन्दर बनाउन बजारबासीको सौजन्यतामा सौन्दर्यकरणका विविध कार्यक्रमहरू संचालनमा ल्याइने छ ।

५.रासायनिक मलको प्रयोग कम गर्दै प्राङ्गारिक मल उत्पादन, प्रयोग र विक्रि वितरणलाई प्राथमिकता दिइने छ।प्लाष्टिक मुक्त गाउँपालिका निर्माणको अभियान अगाडि बढाउन गाउँपालिका एवं मातहतका कार्यालयहरूमा प्लाष्टिकका सामग्रीको प्रयोग रोक लागाउदै स्थानिय उत्पादन बाहेकका खादा प्रयोगमा गर्दै स्थानीय उत्पादन बाहेकका खादा प्रयोगमा रोक लगाइने छ ।

६. स्थानीय स्रोत साधन र सीपको उपयोग गरी उद्यमशीलताको विकास गर्न सामुदायिक होमस्टे पूर्वाधार निर्माण र क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गरिने छ र सामुदायिक होमस्टेलाई आवश्यक मापदण्ड वनाई वर्गीकरण गरी सुदृढीकरण गरिने छ ।

७. गाउँपालिका र मातहतका कार्यालयहरुमा प्लास्टिको ग्लास, थाल आदि दैनिक उपभोग हुने बस्तु प्रयोग गर्न प्रतिवन्ध लगाउदै दुना टपरीको प्रयोग ल्याउने व्यवस्था गरिने छ ।

८. ठूला र बहुवर्षिय आयोजनाहरू कार्यान्वयन पूर्व आवश्यकता अनुसार संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावणीय परीक्षण (IEE) तथा विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गरिने छ।

९. चेपे तथा दरौदी नदी एवं अन्य स्थानका प्राकतिक साधन स्रोत प्रयोग गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार मात्र ढुङ्गा गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोतको उत्खनन् तथा प्रयोग गरिने छ ।
१०. मनसुनजन्य विपद्, आगोलागी तथा भूकम्प प्रभावित नागरिकहरूले आवास निर्माण एवं राहत प्राप्ति लगायत राज्यबाट पाउने सुविधालाई सरल र व्यवस्थित गराउँदै लगिने छ । विभिन्न विकास साझेदार र सामाजिक संघसंस्थाहरूसँगको सहकार्यमा उनीहरूको जीविकोपार्जनका गतिविधिहरू सञ्चालन गरी आयआर्जनमा सघाउ पुऱ्याउने कार्यक्रम सञ्चालन गरिने छ ।
११. अजिरकोट गाउँपालिकाभित्र फोहरमैला व्यवस्थापनको लागि जग्गा प्राप्ति पश्चात IEE र DPR गरी कार्यान्वयनको लागि संघ र प्रदेश सरकारसँग प्रस्ताव गरिनुका साथै गाउँपालिकाले ठोस नीति बनाउनेछ।
१२. जैविक विविधता, बन्यजन्तु, पशुपन्छीको तथ्याङ्क संकलन कार्य अगाढी बढाईनेछ ।जलाधार संरक्षण, कुवा,ईनार, पौराणिक धारा चौतारा निर्माण र संरक्षण गरिनेछ ।
१३. सामुदायिक बनको क्षमता बिकास र संरक्षण गर्दै आयआर्जनमा समेत जोड्न आवश्यक कार्यक्रम ल्याईनेछ
१४. सिलामे देखि सिरानडाँडा सम्मको सडक छेउ हरियाली प्रवर्द्धनको लागि विभिन्न किसिमको फुलको रोप्ने अभियान संचालन गरिनेछ।
१५. गाउँपालिका भित्र रहेका वन्यजन्तु तथा बहुमूल्य जडीबुटिको चोरी-निकासी तथा अवैध पैठारीमा कडाइका साथ रोक लगाइनेछ। जैविक सम्पदाको संरक्षणका लागि आवश्यकतानुसार स्थानिय हेरालु व्यवस्थापन गरिनेछ, साथै समुदायमा सचेतना तथा संरक्षण अभियान सञ्चालन गरिनेछ।

## ५) सुशासन र संस्थागत विकास

### क) स्थानीय सेवा तथा जनशक्ती व्यवस्थापन

१. गाउँपालिका तथा वडा कार्यालयहरूमा उजुरी व्यवस्थापन, सेवाग्राही प्रतिक्षालय, स्तनपान कक्ष, र नागरिक वडापत्रको अनिवार्य व्यवस्था गरिनेछ। सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण, त्रैमासिक समीक्षा बैठक तथा कार्यसम्पादन सम्झौतामार्फत जनप्रतिनिधि र कर्मचारीलाई जवाफदेही बनाइनेछ। भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नीति लागू गरिनेछ।
२. गाउँपालिकाको विकासलाई समग्र रूपमा अगाडि बढाउन दोस्रो आवधिक योजना तयार गरी त्यसलाई सुसंगठित, पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ। योजनाको लक्ष्य, स्रोत व्यवस्थापन, अनुगमन र मुल्याङ्कन प्रणालीलाई बलियो बनाउँदै दिगो विकास सुनिश्चित गरिनेछ।
३. गाउँपालिकामा नागरिक सेवामा सहजता, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सेवाग्राही फोकल पर्सन तोक्ने व्यवस्था गरिनेछ। प्रत्येक क्षेत्रगत सेवाका लागि जिम्मेवारी तोकी सेवा प्रवाहमा समन्वय, सहजीकरण र समयमै सेवा उपलब्ध गराउने प्रणाली लागू गरिनेछ।
४. वार्षिक खरिद योजना, र महालेखा परीक्षकद्वारा विकास गरिएका प्रणालीहरूको पूर्ण प्रयोग सुनिश्चित गरिनेछ। जनप्रतिनिधि र कर्मचारीहरूलाई सूचना प्रविधि, योजना तथा प्रशासनसम्बन्धी तालिम, अध्ययन र अवलोकन भ्रमणको अवसर प्रदान गरिनेछ। विकास साझेदार संस्थासँग सहकार्य गर्दै दोहोरोपन अन्त्य गरिनेछ।
५. राजस्व, योजना, दर्ता-चलानी, जिन्सी व्यवस्थापन, र आन्तरिक नियन्त्रण प्रणालीमा सफ्टवेयरको प्रयोग अनिवार्य गरिनेछ। प्रविधिमैत्री गाउँपालिका अवधारणा अन्तर्गत डिजिटल सेवा, अनलाइन उजुरी, मोबाइल एप

तथा GIS आधारित योजना व्यवस्थापन प्रणाली विकास गरिनेछ। सेवा प्रणालीलाई एकीकृत डिजिटल प्लेटफर्ममार्फत जोडिनेछ।

६. समावेशी योजना तर्जुमा प्रक्रियामा सबै वर्गको समान सहभागिता सुनिश्चित गरिनेछ। बजार अनुगमन, यातायात सुरक्षाको नियमन, र विषादीयुक्त खाद्यवस्तुको नियन्त्रण मार्फत उपभोक्ताको हक संरक्षण गरिनेछ। सबै गैरसरकारी तथा सहकारी संस्थाहरूको एकद्वार प्रणालीमार्फत अनुगमन र समन्वय गरी पारदर्शी विकास प्रक्रिया सुनिश्चित गरिनेछ।

७. संविधानप्रद्धत अधिकार कार्यान्वयनका लागि आवश्यकता अनुसार नीति तथा कानूनहरु तर्जुमा गरिनेछ । विद्यमान नीति तथा कानूनहरु आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा पूर्नलेखन गरिनेछ ।

८. सेवा प्रवाहको गुणस्तरका वारेमा समीक्षा गर्न कार्यपालिका, शाखा प्रमुख तथा वडा सचिवहरूको त्रैमासिक प्रगति समीक्षा बैठक सञ्चालन गरिने छ । शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी उत्प्रेरणा र हौशला प्रदान गर्न आर्थिक वर्षको अन्त्यमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान गरिनेछ । विद्यालयका प्रधानाध्यापकहरुसंग कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादनको समिक्षा समेत गरिनेछ।

९. गैरसरकारी संघ संस्थाहरूबाट सञ्चालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरूलाई गाउँपालिकाको एकद्वार प्रणाली मार्फत् सञ्चालन गरी व्यवस्थित बनाइने छ । सहकारी तथा गैर सरकारी संस्थाहरूको नियमित अनुगमन तथा नियमन गरीनेछ ।गैर सरकारी संस्थाकार्यक्षेत्रमा हुने दोहोरोपना अन्त्य गरिने छ र विकास साझेदार संस्थाहरूसँग विकासका कामहरूमा साझेदारी गर्ने नीति लिइने छ । सबै नाफा र गैर नाफा मुलक संघ संस्था, कम्पनी फर्मलाई अनिवार्य दर्ता ,सूचिकरणको प्रकृयामा ल्याउने नीति कडाईपुर्वक लागु गरिनेछ।

**ख) राजश्व र स्रोत परिचालन**

१. अजिरकोट गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट स्थानीय करदातालाई पुरस्कृत गर्दै आन्तरिक आय प्रवर्धनका कार्यक्रमहरू लागु गरिने छ । आन्तरिक आयका क्षेत्रहरू पहिचान र परिचालन गरी आन्तरिक आयलाई क्रमशः वढवा दिदै लगिने छ । यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने अजिरकोटबासीहरूको क्षमता, स्थानिय श्रोत र अन्य गाँउपालिकाको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरू निर्धारण गरिने छ ।

२. राजश्व सुधार योजनाबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्दै दहत्तर बहत्तरको अनाधिकृत दोहन रोकी राजश्व संकलन अभिवृद्धि गरिनेछ । व्यवसायीको क्षमता र सामर्थ्यको आधारमा करको दायराभित्र समावेश गरी आन्तरिक आय अभिवृद्धि गर्न आ.व. २०८२/०८३ लाई व्यवसाय दर्ता /नविकरण वर्षको रुपमा निरन्तरता दिइनेछ । व्यवसाय प्रवद्र्धनका विभिन्न कार्यक्रमहरूलाइ थप व्यवस्थित गर्दै लगिनेछ । होटल तया व्यवसाय, लगायतका उद्योग दर्ता नविकरण, सूचीकृत हुन ताकेता गर्दै कानूनी प्रकृया पूरा नगरी संचालित व्यवसायलाई कारवाहीको दायरामा ल्याइनेछ । सम्पत्ती करको सुरुवात गरिनेछ ।

३. गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थ जस्तैः ढुङ्गा, गिट्टी, बालुवा, खानीजन्य पदार्थ, स्लेट लगायत प्राकृतिक स्रोत साधनको आँकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन, ओसारप्रसार र बिक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाइ राजश्वको दायरालाई वृद्धि गरिने छ।

४. करदातालाई नियमित समयमा नै कर तिर्ने बानी बसाल्न र प्रोत्साहन गर्न  कर तिर्नु भार होइन, आर्थिक समृद्दिको आधार हो भन्ने अभियान सहित करदाता शिक्षा वडा वडामा संचालन गरिने छ।

५. अनियमितरूपमा राजश्व छली गर्ने व्यक्तिहरूका लागि स्पष्ट निगरानी, कारबाही र जरिवाना नीतिको कार्यान्वयन तथा आन्तरिक लेखा परीक्षण प्रणाली बलियो बनाई पारदर्शिता कायम गरिनेछ।

**ग) सूचना तथा सञ्चार प्रबिधी**

१.जनप्रतिनिधि, कर्मचारी तथा समुदायस्तरमा सूचना प्रविधि साक्षरता तालिम तथा अनुशिक्षण एवं अभ्यासका कार्यक्रम निरन्तर सञ्चानल गरी प्रविधिमैत्री गाउँपालिका निर्माणमा विशेष प्राथमिकता दिइनेछ ।

२. गाउँपालिका र अन्तरगतका कार्यालयको बेभसाइट, न्यूजपोर्टल र सामाजिक सञ्जाललाई रचनात्मक एवं क्रियाशील बनाईनेछ ।

३. गाउँपालिकको कार्यलय, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुमा विद्युतीय हाजिरी जडान गरी पालिकाबाटै प्रतिवेदन हेर्ने व्यवस्था मिलाईनेछ ।

४. कार्यालयको इन्टरनेट स्तरोन्नती तथा सेवा प्रवाह हुने कार्यालय, पर्यटकीय स्थलमा फ्री वाईफाई जोन स्थापना गरिनेछ ।

५. गाउँपालिकाका सूचना, नीति, योजना, कार्यक्रम, बजेट, ऐन प्रतिवेदन लगायतका महत्वपूर्ण जानकारीलाई वेवसाइट र मोबाइल एप्सको माध्यमबाट पारदर्शी रुपमा प्रकाशित गरिनेछ ।

६. कार्यालयसंग सम्बन्धित विभिन्न सूचना प्रणाली तथा तथ्यांकको व्यवस्थापन, भण्डारण एवम् सुरक्षालाई संघीय सरकारको डाटा सेन्टर  तथा क्लाउडको प्रयोग मार्फत थप प्रभावकारी बनाइने छ।

७. गाउँपालिका संग सम्बन्धित सम्पूर्ण तथ्यांक एकै ठाउँमा प्राप्त गर्न सकिने गरी ओपन डाटाको अवधारणामा डाटा बैंक पोर्टल र योजना बैंक पोर्टल स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

**घ) न्यायिक समिति**

१. सबै नागरिकका लागि न्यायिक सेवामा सजिलो पहुँच सुनिश्चित गर्न वडा स्तरमै स्थापित मेलमिलाप केन्द्रको उचित व्यवस्थापन गरिनेछ।

२. दलित, महिला, अपाङ्गता भएका व्यक्तिहरू तथा विपन्न वर्गका लागि निःशुल्क कानुनी परामर्श सेवा उपलब्ध गराइनेछ।

३. न्यायिक समिति पदाधिकारी तथा मेलमिलापकर्ताहरुलाई नियमित क्षमता अभिवृद्धिका कार्यक्रम संचालन तथा अन्तरपालिका असल अभ्यास तथा अनुभव साटासाट कार्यक्रम मार्फत अन्य न्यायिक समितिहरूसँग सिकाइको अवसर दिइनेछ।

५.न्यायिक समितिमा परेको उजुरीको दर्ता, फछ्र्यौट, प्रक्रिया आदि विवरणहरूलाई डिजिटल फाइल ट्र्याकिङ मार्फत व्यवस्थित गरिनेछ, त्रैमासिक रूपमा न्यायिक कार्यको प्रगति समीक्षा, तथा समितिको निर्णय कार्यान्वयन सम्बन्धी नियमित अनुगमन, मूल्यांकन गरिनेछ।

६. न्यायमा समानता र विश्वसनियता प्राप्त गर्न इजालालाई थप प्रभावकारी बनाउने बिधि अबलम्बन गरिनेछ।

७. नागरिकलाई न्यायिक समितिको न्याय सम्पादन प्रक्रियामा आकर्षित गर्दै संघीय शासन प्रणालीको मुल मर्मलाई आत्मसात गराउने कार्यमा जोड दिइनेछ। न्यायिक समितिको कानुनी अधिकार क्षेत्रभित्रको कार्यक्षेत्रमा

हस्तक्षेप गर्ने संघीयता विरोधी प्रवृत्तिलाई कडाइका साथ निरुत्साहित गर्न आवश्यक नीति तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**सभा सदस्यज्यूहरु,**

*हामी अजिरकोट निर्माणको निर्णायिक चरणमा छौं। जनताका इच्छा आकंक्षालाई आशामा बदल्ने र समृद्ध अजिरकोट निर्माण गर्ने निर्णायिक घडीमा उभिएका छौं। सबैले प्रण गरौं इमान्दारिता पुर्वक संकटको समाधानलाई पुर्णता दिने अठोट गरौं। हामिले नै बदल्ने हो र हामीनै निर्णायिक शक्ति हौं। जनाताको सेवा नै मानवताको असली चरित्र हो। अजिरकोट सरकारको सम्पुर्ण तागत जनताको जीवनमा खुशि र चमक ल्याउने साधन हो।*

**अन्त्यमा,**

*स्थानीय तह संस्थागत भएसँगै जनताको ठूलो आशा र अपेक्षा स्थानिय सरकार प्रति रहेको समयमा यो अजिरकोट सरकारलाई प्राप्त महत्वपूर्ण जिम्मेवारी अजिरकोटका जनताको आर्थिक, सामाजिक र साँस्कृतिक विकासको आकांक्षा पूरा गर्न संस्थागत तथा व्यक्तिगत सामथ्यले भ्याएसम्म हामी अजिरकोट स्थानीय सरकारका जननिर्वाचित प्रतिनिधिहरु अनवरत रुपमा प्रतिवद्ध भएको जानकारी गर्दछु।*

## *न्यानो अभिबादन सहित धन्यबाद ।*